# प्रेस : अंगुर देखि दिमाग निचोर्ने सम्म

– विनयकुमार कसजू

झण्डै तीस वर्षअघिको कुरा हो । एक जना मानिस पाल्पा तानसेनको एउटा छापाखानामा, कुमार प्रेसमा पुग्यो र सोध्यो, “प्रेस यही हो ?”

सकारात्मक जवाफ पाएपछि उसले हातको झोला टेबुलमाथि बिसायो । झोलाबाट उसले खाकी रंगको लुगा, बर्दी झिक्यो र भन्यो, “यो बर्दी प्रेस गर्नु पर्‍यो । कति पैसा लाग्छ ?”

उसको कुरा सुनेर त्यहाँ उपस्थित सबै जना छक्क परे । कागत छाप्ने प्रेसले उसको लुगा कसरी प्रेस गर्छ ? तर उसको लागि प्रेस भनेको लुगामा इस्त्री लाउने साधन थियो ।

झण्डै त्यहीताकाको कुरा हो । एक जना पंच मन्त्री पाल्पामा राजाको जन्मोत्समा भाषण गर्न पुगेको थियो । आफ्नो कुरा पत्रपत्रिकामा आओस् भनेर उसले प्रमुख जिल्ला अधिकारीलाई प्रेससँग भेट गराइ दिन भन्यो ।

सीडीओले प्रहरीलाई आदेश दियो । प्रहरीले स्थानीय छापाखानाका दुई जना मालिकलाई ल्याएर मन्त्रीसामु उपस्थित गरायो । मुखपृष्ठमा ठूलाठूला अक्षरमा आफ्नो समाचार छपाउने इच्छा बोकेका मन्त्रीको कुरा छापाखानाका धनीहरूले कसरी पूरा गरे होलान् !

युरोपमा रक्सी बनाउन गहिरो भाँडामा अंगुर राखेर कन्या केटीहरूले नांगा खुट्टाले अंगुर मिचेर रस निकाल्ने पुरानो चलन हो । अंगुरको पहिलो बाली भित्र्याउँदा उत्सवको रूपमा यो परम्परा कतिपय ठाउँमा अझै पनि मनाइन्छ । तर, ठूलो मात्रामा अंगुरको रस निकाल्न काठको बाकसबाट बनेको अंगुर च्याप्ने/निचोर्ने औजार प्रयोग गरिन्थ्यो । चारपाटे वा आयताकार बाकसभित्र अंगुर राखिन्थ्यो । त्यसभित्र टम्म पस्ने बिर्को वा बाकस राखेर माथिबाट हात, खुट्टा वा कुनै गह्रुँगो बस्तुले थिचेर रस निकालिन्थ्यो । यसरी रस निकाल्ने उपकरणलाई ‘प्रेस’ भनिन्थ्यो जसको अर्थ हो चाँप्नु, थिच्नु, दवाउनु ।

त्यही अंगुर निचोर्ने प्रेस प्रयोग गरेर युरोपमा सुरुमा अक्षर छाप्ने छापाखाना बनाइएको थियो । बाकसभित्र काठका अक्षरहरू टम्म मिलाएर राखिन्थ्यो । अक्षरमा मसी दलिन्थो । अनि त्यसमाथि कागत राखेर माथिबाट बिर्कोले च्यापिन्थ्यो । यसरी कागतमा अक्षर छापिन्थ्यो । त्यसलाई ह्याण्ड प्रेस (हाते छापाखाना) भनिन्थ्यो ।

कालान्तरमा हाते प्रेसको रूप र आकारमा परिवर्तन आउनुको साथै क्षमता पनि निक्कै बढ्यो । फलफूल निचोर्ने प्रेसको कुनै चिन्ह वा अवशेष नै नभएको ढिकी कुटेझैं खुट्टाले चलाउने ट्रेडिल छापाखानालाई पनि प्रेस नै भन्न थालियो भने बाफले चल्ने, बिजुलीले चल्ने विभिन्न रूपआकार र क्षमताका छापाखानालाई पनि प्रेस नै भन्न थालियो : लेटर प्रेस, लिथो प्रेस, अफसेट प्रेस, वेब प्रेस इत्यादि ।

त्यतिमात्र होइन प्रेसले अखबार छाप्न थालेपछि अखबार छाप्ने व्यवसाय अर्थात पत्रकारिता र त्यसमा लाग्ने रिपोर्टरदेखि सम्पादकसम्म सबै जनशक्तिलाई एउटै शब्द ‘प्रेस’ ले चिनाउन थाल्यो । अनि रेडियो र टेलिभिजनले झन प्रभावकारी र व्यापक रूपले समाचार प्रसार गर्न थालेपछि तिनलाई पनि प्रेसले समेट्यो । यन्त्र, उपकरण, माध्यम, प्रविधि बदलियो तर ‘प्रेस’ भन्ने नाम र त्यसले जनाउने अर्थ बदलिएन ।

प्रेसले मानिसको सूचना र ज्ञान बढाउन थाल्यो । मानिसलाई आफ्नो र अरूको बारेमा निर्णय गर्न सजिलो भयो । मानिसले प्रेसको महत्व बुझ्यो । सरकार र समाजका अगुवाहरूलाई जिम्मेवार बनाउन, सही कुराको निर्णय गर्न र दैनिक जीवनलाई निर्भय र निश्चिन्त बनाउन प्रेसको भूमिका र महत्व थाहा पाएपछि मानिसले प्रेसको गुण, धर्म र चरित्र निर्धारण गर्न खोज्यो ।

प्रेसले झुठो, काल्पनिक कुरा गर्न हुँदैन, सत्य हुनुपर्छ । प्रेसले जे देख्छ त्यो लेख्नु, बोल्नु पर्छ, बस्तुनिष्ठ हुनुपर्छ । प्रेस स्वतन्त्र र आत्मनिर्भर हुनुपर्छ । प्रेस कसैसँग डराउनु हुँदैन, निर्भीक हुनपर्छ । निमुखाहरूको आवाज बन्नु पर्छ । उनीहरूलाई दुष्ट, भ्रष्ट र अन्यायीहरूबाट बचाउनु पर्छ । यस्ता विभिन्न गुण/धर्म प्रेससँग गाँसिदै गयो ।

प्रेसले उहिले अंगुर निचोर्थ्यो भने पछि यसले दुष्टहरूको दिमाग निचोर्न थाल्यो । अर्थात् प्रेसले आफ्नो नाम/शब्दलाई सार्थक बनाउन थाल्यो । अन्यायी, अत्याचारी, भ्रष्टाचारी, दुराचारी सबैको दोहोलो काढ्ने काम प्रेसले गर्न थाल्यो । सरकार, अदालत, जनप्रतिनिधि सबैलाई यसले ठिक बाटोमा हिँडाउन थाल्यो ।

प्रेसका यी गुणहरूले गर्दा प्रेसलाई लोकतन्त्रको अभिन्न अंग मानियो । यहाँसम्म कि अमेरिकाका पूर्व राष्ट्रपति टमस जेफर्सनले भने, “यदि मलाई प्रेसबिनाको सरकार र सरकारबिनाको प्रेसमध्ये एउटालाई रोज्नु पर्‍यो भने म कत्ति पनि ढिला नगरीकन दोस्रोलाई रोज्ने छु ।” प्रेसप्रति किन यति धेरै विश्वास पैदा भयो ?

अमेरिकाको संविधानको पहिलो संशोधन अमेरिकाको मौलिक अधिकारको कानुन (Bill of Rights) हो । अमेरिकी पत्रकारिता (प्रेस) को आधार यही पहिलो संशोधन (First Amendment) हो । यसमा स्पष्ट रूपमा भनिएको छ :

**कांग्रेस (संयुक्त राज्य अमेरिकाको संसद) ले** धार्मिक संस्थाको बारेमा वा स्वतन्त्रता पूर्वक धर्म मान्न रोक्ने; वाक्स्वतन्त्रता वा स्वतन्त्र प्रेसलाई बाधा पुर्‍याउने/हस्तक्षेप गर्ने; शान्तिपूर्वक भेला हुने जनताको अधिकारलाई सीमित गर्ने तथा सरकारप्रति गुनासो गर्ने र सरकारी अनियमिततालाई सच्याउन उजुरी गर्ने जनताको अधिकारलाई सीमित पार्ने, रोक्ने **कुनै कानुन बनाउने छैन ।**

पहिलो संशोधनमा अमेरिकाको कांग्रेसले माथि भनिएका बन्देजको कानुन बनाउने छैन भनिएता पनि अमेरिकाको सर्वोच्च अदालतले अरू कार्यकारी तथा न्यायिक निकायले समेत त्यस्तो कानुन बनाउने छैन भनेर व्याख्या गरेर यसलाई झन बलियो बनएको छ ।

अमेरिकाको प्रेस स्वतन्त्रताको आधार यही पहिलो संशोधन हो । र यही प्रेस स्वतन्त्रताले अमेरिकामा लोकतन्त्रलाई ज्युँदो जाग्दो र सक्रिय बनाउने काम गरिरहेको छ । अमेरिकामा प्रेसले के काम गर्छ ? किन गर्छ ? कसरी गर्छ ? र केका लागि गर्छ ? यस्ता विभिन्न प्रश्नहरूको उत्तर यसैमा पाइन्छ ।

अमेरिकी पत्रकारहरूको संस्था एएसएनईको भनाइमा, “केवल सूचना दिनु वा छलफलको मंचको रूपमा काम गर्नु अमेरिकी प्रेसको उद्देश्य होइन । सरकारका विभिन्न तहका निकायहरूको शक्ति लगायत समाजका विभिन्न शक्तिहरूको स्वतन्त्र रूपले निगरानी गर्नु पनि अमेरिकी प्रेसको उद्देश्य हो ।”

प्रेसले रेडियो, टेलिभिजन, अनलाइनजस्ता जतिजति नयाँनयाँ माध्यम पाउँदै छ उतिउति यसको भूमिका र प्रभाव पनि बढ्दै छ । यसको क्षेत्र र यसमा कार्यरत जनशक्तिको विविधता पनि बढिरहको छ । तर यसले आफ्नो कर्तव्य पालन गर्न र नाम अनुसार गुण पनि कायम राख्न प्रेस स्वतन्त्र र आत्मनिर्भर हुनुपर्छ । यसैले प्रेस स्वतन्त्रताको प्रत्याभूति हरेक लोकतान्त्रिक देशको संविधान र ऐनकानुनमा गरिएको हुन्छ ।

प्रेसले राजनीतिक, आर्थिक, सामाजिक साथै समाजमा सक्रिय सबै खालका शक्तिको गतिविधि नजिकबाट नियाल्छ र शक्तिको प्रयोग, हस्तान्तरण, अपहरण किन र कसरी भइरहको छ भनेर समाजलाई सूचित गर्छ । अनि शक्तिको दुरुपयोगबाट सतर्क गराउँछ । सारमा प्रेसले शक्तिको लेखाजोखा, निगरनी, अनुगमन र समीक्षा गर्छ ।

लोकतन्त्र भनेको शक्तिको समान र न्यायपूर्ण वितरण गर्ने पद्धति हो । अनि शक्तिको उपयोग, सदुपयोग, दुरुपयोगको निगरानी गर्नु नै प्रेसको मुख्य काम भएको हुनाले लोकतन्त्रमा प्रेसको अपरिहार्यता भएको हो ।

पानीले आफ्नो सतह आफै मिलाउँछ भनिन्छ । तर सत्य के हो भने सतह मिलाउने काम गुरुत्वाकर्षण शक्तिले गर्छ । यो शक्ति नभएको भए पानी ओरालो लाग्दैनथ्यो । त्यस्तै लोकतन्त्रको चरित्र समानता र न्याय हो भनिए तापनि त्यसको पछाडि काम गर्ने शक्ति, अथवा लोकतन्त्रलाई शक्तिको समान वितरण गर्न वाध्य पार्ने शक्ति भनेको प्रेस नै हो ।

वास्तवमा प्रेसको मौलिक चरित्र वा गुण भनेको शक्ति सन्तुलकको गुण हो । त्यसले शक्तिको केन्द्रीकरणमाथि प्रहार गर्छ र शक्ति विकेन्द्रित गरेर आम मानिसमा पुर्‍याउने काम निरन्तर गरिरहन्छ । यसैले प्रेस बिनाको लोकतन्त्रको कल्पना पनि गर्न सकिन्न ।

'प्रेस' शब्दले अखबार, रेडियो, टेलिभिजन, अनलाइनलगायत जनतालाई आमसंचारको माध्यमबाट सूचित गरी शक्तिशाली बनाउने व्यवसाय र त्यसमा काम गर्ने जनशक्तिलाई समग्र रूपमा बुझाएता पनि 'प्रेस स्वतन्त्रता' लाई अखबार, रेडियो, टेलिभिजन वा अनलाइनको वा तिनमा काम गर्ने व्यक्तिहरूको स्तन्त्रता भनेर बुझ्नु हुँदैन । यो आमनागरिकको स्वतन्त्रता हो । प्रेसले आमनागरिकको हितका लागि, आमनागरिकको वारेस भएर काम गर्ने हुनाले प्रेसले सुरक्षित र अनुकूल वातावरणमा काम गर्नका लागि प्रेस स्वतन्त्रताको आवश्यकता भएको हो ।

त्यसैले प्रेस स्वतन्त्रताको पहिलो शर्त जनहित हो । अर्थात् प्रेस स्वतन्त्रताले प्रेसमाथि जनताको हित गर्ने ठूलो जिम्मेवारी दिन्छ । यो जिम्मेवारीभित्र जनताको हितको लागि बनेका राज्यका सम्पूर्ण अंग, सरकार, न्यायालय, विधायिका, समाजमा कार्यरत सबै प्रकारका शक्तिहरूको गतिविधिबारे निगरानी गर्ने, राज्य संचालनदेखि राज्यका सम्पूर्ण निकायको संचालनमा र खास गरी जनताको सरोकारका विषयमा जनतालाई सुसूचित गरी सही निर्णय गर्न सघाउनु साथै अन्याय, असमानता, अलोकतान्त्रित व्यवहार र मानवअधिकार उल्लंघनकारी गतिविधिको विरोध गर्नु जस्ता जनहितकारी कामहरू पर्छन् ।

तर अहिले विश्वमा फैलिएको उदारबाद, निजीकरण र खुलाबजारले प्रेसलाई पनि गाँज्दै लगेको छ । विश्वीकरण (ग्लोबलाइजेसन) का विकृतिहरू नेपाली प्रेसमा पनि आइपुगेका छन् । दुष्टको दिमाग निचोर्ने प्रेस, दुष्टले पैसा र शक्ति निचोर्ने काममा प्रयोग गर्न थालेका छन् । प्रेस विभिन्न शक्तिहरूको मुखुण्डो र भकुण्डो बन्दैछ । यदि प्रेसले जनहितको दायित्वलाई बिर्स्यो र राजनीतिक दल, व्यापारिक स्वार्थ वा असामाजिक शक्तिको हतियार बन्यो भने लोकतन्त्रको लागि ठूलो घाटा हुन्छ । लोकतन्त्रमा प्रवेश गर्न लागेको मुलुकको लागि यो अत्यन्तै चिन्ताको विषय हो । यसले लोकतन्त्रतर्फको यात्रामा भाँजो हाल्छ । यसैले नागरिक समाजले प्रेसको निगरानी गर्नु अति आवश्यक मात्रै होइन ढिला भइसकेको छ ।

२०६५ माघ २७

अन्नपूर्ण पोष्ट दैनिक, २०६५ फागुन १ गते बिहीबार प्रकाशित